# लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

भीमा लिम्बू
परीक्षा क्रमाङ्क : ७२२८०२१/०७५
त्रि. वि. दर्ता क्रमाङ्क : ९-१-१-४६-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा अन्तर्गत
स्नातकोत्तर चौथौं सत्रको नेपा.शि. ५४४ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत
शोधपत्र

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि.वि कीर्तिपुर
२०७६/**2019**

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधकार्य नितान्त मौलिक रहेको छ । यसमा उपयोग गरिएका सामग्रीहरूलाई प्रसङ्गअनुसार स्रोत खुलाइएको छ। यस शोधकार्यलाई अन्य कुनै प्रयोजनको लागि प्रस्तुत गरिएको छैन ।

..........................

भीमा लिम्बू

शोधार्थी

मिति : २०७६/८/१५

Dec.01,2019

# शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा स्नातकोत्तर तह चौथौ सत्र नेपाली शिक्षा विषयको शोधपत्र नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत **लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता** शीर्षकको शोधपत्र शोधार्थी भीमा लिम्बूले मेरो निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोध उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७६/०९/०१

Dec.17,2019

...............................

उपप्रा. उमेश काफ्ले

(शोध निर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा. शि. ५४४ (शोधपत्र) पाठ्याशंको प्रयोजनार्थ छात्रा भीमा लिम्बूले तयार पार्नु भएको **लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहका निमित्त उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क. सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ........................ |
| २. | प्रा. डा. रामचन्द्र लंसाल (शोधविशेषज्ञ) | ........................ |
| ३. | उपप्रा. उमेश काफ्ले (शोधनिर्देशक) | ........................ |

मिति : २०७६/०९/१५

Dec. 31, 2019

## कृतज्ञता ज्ञापन

**लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता** शीर्षकको प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तह एम. एड. चौथो सत्रको (नेपा.शि.५४४) को प्रयोजनका लागि मेरा आदरणीय गुरु उपप्रा. उमेश काफ्ले ज्यूको कुशल निर्देशनमा तयार गरेकी हुँ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आइ परेका समस्या तथा चुनौतीहरूसँग लड्ने प्रेरणा दिनु हुँदै सही मार्ग निर्देशन गराएर कार्य व्यस्तताका बाबजुत पनि मलाई अमूल्य समय, समुचित सल्लाह, सुझाव दिई शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा म उहाँप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै शीर्षक स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई तथा शोधपत्र तयार गर्दा चाहिने आवश्यक सन्दर्भ सामग्री उपलब्ध नेपाली भाषा शिक्षा विभाग र अध्यापनरत सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मलाई उच्च शिक्षा हासिल गर्न प्रेरणा दिँदै मेरो सुनौलो भविष्यको निर्माणका लागि अथक् प्रयास गर्नु हुने मेरा सम्पूर्ण परिवारप्रति सधैँ आभारी छु । यसका साथै शोधकार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने समस्त आत्मीय सहपाठी साथीहरूलाई विशेष धन्यवाद दिन चाहान्छु । त्यसैगरी यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न विशेष सहयोग पुऱ्याउने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक तथा विद्यार्थीहरूप्रति पनि हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा शोधकार्यको टङ्कन र सेटिङसम्बन्धी सम्पूर्ण कार्यमा सहयोग पुऱ्याउने डाइनामिक कम्प्युटर सेन्टर, कीर्तिपुरलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

शोधार्थी

भीमा लिम्बू

# शोधसार

प्रस्तुत शोधपत्र **लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता**सँग सम्बन्धित रहेको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह एम. एड. चौथो सत्रको नेपा. शि. ५४४ पाठ्यांशका प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत अध्ययनमा लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु, लैङ्गिक आधारमा उक्त विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको तुलनात्मक विश्लेषण गर्नु र लिम्बूभाषी विद्यार्थीहरूले गर्ने त्रुटिको अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । यसको प्रमुख उद्देश्य कक्षा पाँचमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमताको अध्ययन गर्नु रहेको छ र यो शोधपत्र कक्षा पाँचमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूको नेपाली भाषा उच्चारण क्षमतामा मात्र सीमित रहेको छ ।

प्रस्तुत शोधपत्रमा प्रतिनिधि नमुनाका रूपमा इलाम जिल्लाका ८ ओटा सामुदायिक विद्यालयका ८० जना लिम्बूभाषी विद्यार्थीहरू लिइएको छ । लैङ्गिक आधारमा ४० जना छात्रा र ४० जना छात्र लिएर तुलनात्मक रूपमा अध्ययन गरिएको छ । प्रस्तुत शोध तयार गर्दा ५ ओटा पुस्तक समीक्षा र ११ ओटा शोध समीक्षा गरिएको छ । सात अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोधको परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा समग्र लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता, अध्याय पाँचमा लैङ्गिक आधारमा लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता, अध्याय छ मा लिम्बूभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन र अध्याय सातमा सारांश, निष्कर्ष र उपदेयताहरू प्रस्तुत गरिएको छ । यसका साथै तथ्य सङ्कलनका लागि कक्षा ५ को मेरो नेपाली किताबबाट अकार/आकार, अनुनासिक, प्राणत्त्व, घोषत्त्व, रेफ, य, ए वर्ण, ब, व वर्ण, ट, ठ, ड, ढ, ण वर्ण, संयुक्त वर्ण, छ, छे क्ष वर्णमा निहित शब्दको छनोट गरिएको छ । त्यस्तै निर्दिष्ट किताबमा रहेको समय पाठको एक अनुच्छेदलाई वाचन गर्न लगाई उनीहरूले गरेको उच्चारणलाई टेप रेकर्ड गरी उच्चारण क्षमतालाई पहिचान गरिएको छ । यस क्रममा विद्यार्थीहरूको उच्चारण क्षमतालाई शुद्धताका आधारमा जाँच गरी त्यसबाट प्राप्त परिमाणलाई प्रतिशतका आधारमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध प्रक्रियाबाट सम्पन्न गरिएको शोधकार्यबाट लिम्बूभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको पाइयो । नेपाली भाषा र लिम्बूभाषा अलग-अलग भाषा परिवारको र लिम्बूभाषाको वर्णमालामा नेपाली भाषाको वर्णमालामा जति स्वर अनि व्यञ्जन वर्णहरू नभएकोले गर्दा पनि उच्चारणमा त्रुटि गरेको पाइयो । इलाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता राम्रै रहेको पाइयो । जहाँ य, व वर्ण र अनुच्छेदको शब्दहरूको उच्चारणमा लिम्बूभाषी विद्यार्थीको उच्चारण क्षमता अत्यन्तै राम्रो पाइयो । जसमा विद्यार्थीहरूले ६६.५ प्रतिशतदेखि ९२.५ प्रतिशतसम्म सही उच्चारण गरेको पाइयो । ट, ठ, ड, ढ, ण, छ, छे, क्ष वर्णको उच्चारणमा पनि समग्र विद्यार्थीको उच्चारण क्षमता ५७.५ प्रतिशतदेखि ८८.५ प्रतिशतसम्म सही उच्चारण गरेको पाइयो । संयुक्त वर्ण, ब, व, प्राणत्त्व, घोषत्त्व, अनुनासिक, अकार आकारको उच्चारणमा पनि समग्र विद्यार्थीको उच्चारण क्षमता ३२ प्रतिशतदेखि शतप्रतिशत सही उच्चारण गरेको पाइयो । रेफको उच्चारणमा लिम्बूभाषी विद्यार्थीहरूले अत्यधिक त्रुटि गरेको पाइयो । जसमा २३.५ प्रतिशतदेखि ७५ प्रतिशतसम्म मात्र सही उच्चारण गरेको पाइयो । लैङ्गिकताका आधारमा छात्रा छात्रहरूको उच्चारण क्षमतालाई तुलनात्मक रूपमा अध्ययन गर्दा छात्रहरूको भन्दा छात्राहरूको उच्चारण क्षमता राम्रो देखिन्छ ।

यसरी उच्चारण क्षमतासँग सम्बन्धित विविध नमुना सामग्रीका आधारमा विश्लेषण गर्दा कक्षा पाँचमा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता समग्रमा राम्रो रहेको पाइयो र छात्रको भन्दा छात्राको उच्चारण क्षमता राम्रो रहेको पाइयो ।

# विषयसूची


पृ.सं.

**अध्याय एक : शोध परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ अध्ययनको औचित्य ४

१.५ अध्ययनको सीमा ५

१.६ अध्ययनको रूपरेखा ६

**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा**

२.१ पूर्वकार्यको पुनरावलोकन ७

२.१.१ पुस्तकहरूको पुनरावलोकन ७

२.१.२ शोधपत्रको पुनरावलोकन ८

२.२ सैद्धान्तिक अवधारणा १४

२.२.१ नेपाली भाषाको परिचय १४

२.२.२ लिम्बू भाषाको परिचय १५

२.२.३ उच्चारणको परिचय १५

२.२.४ उच्चारण शिक्षणको आवश्यकता १६

२.२.५ उच्चारणमा पाइने त्रुटिहरू १७

२.२.६ उच्चारणसम्बन्धी त्रुटिका कारणहरू १८

२.२.७ उच्चारण सम्बन्धी त्रुटि निराकरणका उपायहरू १९

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

३.१ अध्ययन विधि २१

३.१.१ जनसङ्ख्या पहिचान २१

३.१.२ नमुना छनोट २१

३.१.३ सामग्री निर्माण, प्रयोग र सङ्कलन २२

३.१.४ सामग्री सङ्कलनका स्रोतहरू २२

३.१.४.१ प्राथमिक स्रोत २२

३.१.४.२ द्वितीयक स्रोत २२
३.२. व्याख्या र विश्लेषण २३
**अध्याय चार : समग्र लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता**
४.१. अकार/आकारका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता २४
४.२. अनुनासिकका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता २६
४.३. प्राणत्त्वका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता २७
४.४. घोषत्त्वका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता २९
४.५. रेफ सम्बन्धी लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३१
४.६. य र ए वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३२
४.७. ब र व वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३४
४.८. ट, ठ, ढ, ड, ण वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३५
४.९. संयुक्त वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३७
४.१०. छ, छे, क्ष वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३९
४.११. समय पाठको एक अनुच्छेदको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ४०
**अध्याय पाँच : लैङ्गिक आधारमा लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता**
५.१. अकार/आकारको आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ४४
५.२. अनुनासिकताको आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ४५
५.३. प्राणत्त्वका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ४७
५.४. घोषत्त्वका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ४९
५.५. रेफका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५०
५.६. य र ए वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५२
५.७. ब र व वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५३
५.८. ट, ठ, ढ, ड, ण वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५५
५.९. संयुक्त वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५७
५.१०. छ, छे, क्ष वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ५८
५.११. समय पाठको एक अनुच्छेदका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण क्षमता ६०

**अध्याय छ : लिम्बूभाषी विद्यार्थीहरूको नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन**
६.१. लिम्बूभाषी विद्यार्थीहरूका उच्चारणगत त्रुटिका कारणहरू ६४
६.२. उच्चारणगत त्रुटि निराकरणका उपायहरू ६६
**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**
७.१. सारांश ६८
७.२. निष्कर्ष ७०
७.३. सुझावहरू ७१
७.४. उपयोगिता ७२
७.४.१. नीतिगत उपयोगिता ७२
७.४.२. प्रयोगगत उपयोगिता ७३
**सन्दर्भ सामग्री सूची**
**परिशिष्ट**
**व्यक्तिवृत**

## तालिका सूची


तालिका १ : अकार/आकारका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति २५

तालिका २ : अनुनासिकका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति २६

तालिका ३ : प्राणत्त्वका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति २८

तालिका ४ : घोषत्त्वका आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति २९

तालिका ५ : रेफ सम्बन्धी लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण क्षमता ३१

तालिका ६ : य र ए वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति ३२

तालिका ७ : ब र व वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति ३४

तालिका ८ : ट, ठ, ढ ,ड ,ण वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति ३६

तालिका ९ : संयुक्त वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति ३७

तालिका १० : छ, छे, क्ष वर्णको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको उच्चारण स्थिति ३९

तालिका ११ : समय पाठको एक अनुच्छेदको आधारमा लिम्बूभाषी विद्यार्थीहरूको ४१

तालिका १२ : अकार/आकारको आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण ४४

तालिका १३ : अनुनासिकका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ४६

तालिका १४ : प्राणत्त्वका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ४७

तालिका १५ : घोषत्त्वका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ४९

तालिका १६ : रेफका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५०

तालिका १७ : य र ए वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५२

तालिका १८ : ब र व वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५३

तालिका १९ : ट, ठ, ढ, ड, ण वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली ५५

तालिका २० : संयुक्त वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५६

तालिका २१ : छ, छे, क्ष वर्णका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५८

तालिका २२ : समय पाठको एक अनुच्छेदका आधारमा लिम्बूभाषी छात्रा/छात्रको नेपाली उच्चारण स्थिति ५९-६०